# सूर्योदय नगरपालिकाको गुणस्तरीय चिया उत्पादन, संकलन तथा प्रशोधन सम्बन्धी कार्यविधि, २०८२
## (मस्यौदा)

नगर कार्यपालिकाबाट स्वीकृत मिति:..................

**प्रस्तावना:** सूर्योदय नगरपालिका क्षेत्रको प्रमुख नगदे बालीको रूपमा रहेको चिया खेती र यससँग सम्बन्धित उद्योगहरूको विकास, विस्तार एवं चियाको गुणात्मक पक्षलाई सुदृढ बनाउन;

चिया उत्पादक कृषकहरूले आफ्नो उत्पादनको उचित मूल्य प्राप्त गर्ने सुनिश्चितता गर्न, आपूर्ति श्रृङ्खलामा रहेका बिचौलियाहरूको अनावश्यक तहलाई निरुत्साहित गर्न र प्रशोधन उद्योग तथा कृषकबीच खुला बजारको मर्म अनुरूप प्रत्यक्ष खरिद-बिक्री र स्वच्छ प्रतिस्पर्धा कायम गर्न;

चिया क्षेत्रमा कार्यरत श्रमिकहरूको श्रमको सम्मान गर्दै नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक, योगदानमा आधारित सामाजिक सुरक्षा र कार्यस्थलमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको प्रत्याभूति गराई श्रम सम्बन्धलाई मर्यादित बनाउन;

विषादी न्यूनीकरण गरी यस क्षेत्रलाई क्रमशः पूर्ण प्राङ्गारिक (Organic) चिया उत्पादन क्षेत्रको रूपमा रूपान्तरण गर्न, उपभोक्ताको स्वास्थ्य र अधिकारको संरक्षण गर्न तथा सूर्योदयको चियालाई अन्तर्राष्ट्रिय बजारमा एक प्रतिष्ठित ब्राण्डको रूपमा स्थापित गर्न आवश्यक देखिएकोले;

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) तथा सूर्योदय कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को अधीनमा रही सूर्योदय नगर कार्यपालिकाले साविकको "गुणस्तरीय चिया उत्पादन मापदण्ड कार्यान्वयन कार्यविधि, २०७५" र "गुणस्तरीय चिया संकलन मापदण्ड कार्यान्वयन कार्यविधि, २०७७" लाई प्रतिस्थापन गरी सूर्योदय नगर कार्यपालिकाले "सूर्योदय नगरपालिकाको गुणस्तरीय चिया उत्पादन, प्रशोधन, संकलन तथा श्रमिक हकहित कार्यविधि, २०८२" जारी गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको गुणस्तरीय चिया उत्पादन, संकलन तथा प्रशोधन सम्बन्धी कार्यविधि, २०८२" रहने छ।

(२) यो कार्यविधि सूर्योदय नगर कार्यपालिकाबाट स्वीकृत भई सूर्योदय राजपत्रमा प्रकाशन भएपश्चात् लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"उपभोक्ता"** भन्नाले तयारी चिया खरिद गरी उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ र यसले उपभोक्ताको हकहित संरक्षण सम्बन्धी प्रचलित कानुनले तोकेका अधिकारहरूलाई समेत जनाउँछ।

(ख) **"किसान वा चिया उत्पादक"** भन्नाले व्यावसायिक वा व्यक्तिगत रूपमा चिया खेती गरी हरियो चियापत्ती उत्पादन गर्ने कृषक, बगान धनी, साना किसान समूह वा चिया उत्पादक सहकारी सम्झनुपर्छ।

(ग) **“खुला बजार”** भन्नाले कुनै पनि एकाधिकार वा सिन्डीकेट विना माग र आपूर्तिको आधारमा मूल्य निर्धारण हुने र प्रतिस्पर्धात्मक रूपमा चियाको कारोबार हुने बजार प्रणाली सम्झनुपर्छ।

(घ) **“नगरपालिका”** भन्नाले सूर्योदय नगरपालिका र सोको नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(ङ) **“न्यूनतम खरिद दर”** भन्नाले कृषकको उत्पादन लागतलाई मध्यनजर गरी नगर कार्यपालिकाले तोकेको हरियो चियापत्तीको आधारभूत खरिद मूल्य सम्झनुपर्छ।

(च) **“प्रिमियम (Bonus)”** भन्नाले तोकिएको न्यूनतम गुणस्तरभन्दा बढी गुणस्तरीय वा प्राङ्गारिक (Organic) चियापत्ती उपलब्ध गराए बापत किसानले प्राप्त गर्ने अतिरिक्त प्रोत्साहन रकम सम्झनुपर्छ।

(छ) **“फ्याक्ट्री वा प्रशोधन उद्योग”** भन्नाले हरियो चियापत्ती खरिद गरी प्रशोधन गर्ने उद्योग, कारखाना वा मिनी फ्याक्ट्री सम्झनुपर्छ।

(ज) **“बिचौलिया”** भन्नाले नगरपालिका वा वडामा दर्ता नभई वा अनुमति नलिई अनधिकृत रूपमा चियाको खरिद-बिक्रीमा संलग्न भई कृषक र उद्योगबीच अनुचित नाफा लिने वा तहगत कारोबार गर्ने व्यक्ति वा संयन्त्र सम्झनुपर्छ।

(झ) **“व्यवसायजन्य सुरक्षा र स्वास्थ्य (OSH)”** भन्नाले कार्यस्थलमा काम गर्दा श्रमिकको शारीरिक तथा मानसिक स्वास्थ्यमा पर्न सक्ने जोखिम न्यूनीकरणका लागि अपनाइने सुरक्षाका उपाय, उपकरण र प्रबन्ध सम्झनुपर्छ।

(ञ) **“संकलक वा संकलन केन्द्र”** भन्नाले कृषकबाट हरियो चियापत्ती संकलन गरी प्रशोधन उद्योगसम्म ढुवानी गर्ने उद्देश्यले नगरपालिका वा वडामा दर्ता भई अनुमति प्राप्त गरेको आधिकारिक केन्द्र वा व्यक्ति सम्झनुपर्छ।

(ट) **“समिति”** भन्नाले यस कार्यविधिको परिच्छेद-६ बमोजिम गठित नगर स्तरीय चिया विकास तथा अनुगमन समिति वा वडा स्तरीय अनुगमन समिति सम्झनुपर्छ।

(ठ) **“सम्झौता”** भन्नाले अनुसूची-२ को ढाँचामा चिया उत्पादक र प्रशोधन उद्योगबीच हरियो पत्तीको परिमाण, गुणस्तर, मूल्य र भुक्तानीका सर्तहरू उल्लेख गरी गरिएको लिखित खरिद-बिक्री सम्झौता (Contract Farming Agreement) सम्झनुपर्छ।

(ड) **“सामाजिक सुरक्षा कोष (SSF)”** भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम स्थापित कोष सम्झनुपर्छ जसमा श्रमिकको भविष्यको सुरक्षाका लागि रोजगारदाता र श्रमिक दुवैको योगदान रहन्छ।

## परिच्छेद-२

## गुणस्तरीय चिया उत्पादन तथा प्राङ्गारिक (अर्गानिक) प्रवर्द्धन

**३. असल कृषि अभ्यास (Good Agricultural Practices - GAP) को पालना गर्नुपर्ने :** (१) सूर्योदय नगरपालिका क्षेत्रभित्र चिया खेती गर्ने प्रत्येक कृषक, उत्पादक, बगान धनी तथा कृषि सहकारीले गुणस्तरीय हरियो चियापत्ती उत्पादन गर्न देहाय बमोजिमको असल कृषि अभ्यास (GAP) को अनिवार्य रूपमा पालना गर्नु पर्नेछ :

(क) **माटो तथा मल खाद व्यवस्थापन:** चिया बगानको माटोको नियमित परीक्षण गराउनु पर्नेछ। माटोको उर्वरा शक्ति कायम राख्न रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै प्राङ्गारिक मल, कम्पोस्ट मल, गड्यौला मल र हरियो मलको प्रयोगलाई प्राथमिकता दिनु पर्नेछ।

(ख) **चिया टिपाइ मापदण्ड:** हरियो पत्ती टिप्दा गुणस्तर कायम हुने गरी तोकिएको मापदण्ड अनुरूप 'दुई पात एक सुइरो' र 'एक पात नरम बाँझी' मात्र टिप्नु पर्नेछ। गुणस्तरहीन, छिप्पिएको, कालो वा रोगकिरा लागेको पत्ती टिप्न पाइने छैन।

*तर कुनै विशिष्ट प्रकारको चिया प्रशोधन गर्न चाहिने हरियो चिया यस उपदफामा उल्लेख भएको भन्दा फरक भए त्यस्तो चिया टिप्न बाधा पर्ने छैन।*

(ग) **सुरक्षित ढुवानी तथा भण्डारण:** टिपिएको हरियो चियापत्तीलाई घाम, पानी र फोहोरबाट बचाउनु पर्नेछ। पत्तीलाई खाँदेर वा थिचेर बोक्न पाइने छैन। ढुवानी गर्दा अनिवार्य रूपमा हावा छिर्ने जालीदार झोला वा तोकिएको क्रेटको मात्र प्रयोग गर्नु पर्नेछ।

(घ) **एकीकृत कीरा तथा रोग व्यवस्थापन:** चिया बगानमा लाग्ने रोग तथा कीराको नियन्त्रणका लागि एकीकृत कीरा व्यवस्थापन प्रणाली अपनाउन सकिनेछ। प्राकृतिक सिकारी जीवहरूको संरक्षण गर्दै जैविक विषादी को प्रयोगलाई बढावा दिनु पर्नेछ।

(ङ) **व्यक्तिगत सरसफाइ र स्वास्थ्य:** चिया बगानमा काम गर्ने श्रमिक तथा कृषकले चिया टिप्दा व्यक्तिगत सरसफाइमा पूर्ण ध्यान दिनु पर्नेछ। संक्रामक रोग लागेको अवस्थामा चिया टिप्ने, भण्डारण गर्ने वा ढुवानी गर्ने कार्यमा संलग्न गराउन पाइने छैन।

(च) **अभिलेख व्यवस्थापन:** व्यावसायिक चिया कृषक तथा बगान धनीले आफ्नो बगानमा प्रयोग गरिएका मल, जैविक विषादी, हरियो चिया टिपाइएको मिति र परिमाणको अद्यावधिक अभिलेख अनिवार्य रूपमा राख्नु पर्नेछ। यस्तो अभिलेख अनुगमन समितिले माग गरेको बखत उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम असल कृषि अभ्यास (GAP) को पूर्ण रूपमा पालना गरी चिया उत्पादन गर्ने कृषक, उत्पादक वा सहकारीलाई नगरपालिकाले सञ्चालन गर्ने अनुदान, प्राविधिक सहयोग र सहुलियतका कार्यक्रमहरूमा विशेष प्राथमिकता दिइनेछ।

(३) असल कृषि अभ्यासको मापदण्ड पालना भए/नभएको सम्बन्धमा वडा स्तरीय अनुगमन समितिले नियमित रूपमा स्थलगत अनुगमन गर्नेछ।

४. **विषादी न्यूनीकरण र पूर्ण प्राङ्गारिक चिया उत्पादनतर्फको रूपान्तरण**ः (१) सूर्योदय नगरपालिकालाई क्रमशः पूर्ण प्राङ्गारिक चिया उत्पादन क्षेत्र बनाउन चिया खेतीमा रासायनिक मल तथा विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै पूर्ण रूपमा निषेध गर्ने कार्ययोजना लागू गरिनेछ।

(२) नेपाल सरकारले प्रतिबन्ध लगाएका तथा मानव स्वास्थ्य र वातावरणमा गम्भीर असर पार्ने (रातो र पहेँलो लेबल भएका) अत्यन्त विषालु र विषालु रासायनिक विषादीहरूको खरिद, बिक्री, भण्डारण र चिया बगानमा प्रयोग गर्न यस कार्यविधि बमोजिम पूर्ण रूपमा निषेध गरिएको छ।

(३) चिया कृषक, उत्पादक तथा बगान धनीले रासायनिक विषादीको विकल्पमा वनस्पति विज्ञान, जैविक विषादी र झोल मलको प्रयोग सम्बन्धी नगरपालिकाले स्वीकृत गरेको 'विषादी न्यूनीकरण तथा प्राङ्गारिक रूपान्तरण कार्ययोजना' बनाई लागू गर्न सक्नेछ।

(४) चियामा रासायनिक विषादीको अवशेषको मात्रा मापन र नियन्त्रण गर्ने तथा प्राङ्गारिक प्रमाणीकरणका लागि आवश्यक प्राविधिक परीक्षण "सूर्योदय नगरपालिका चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र" मार्फत गर्न सकिनेछ।

(५) सूर्योदय नगरपालिका भित्रका चिया कृषकहरूलाई आन्तरिक नियन्त्रण प्रणालीमा आबद्ध गराई समूहगत तथा सहकारीमार्फत प्राङ्गारिक प्रमाणीकरण को प्रक्रिया अगाडि बढाउन सकिनेछ।

(६) कार्यपालिकाले अनुगमन वा चिया परीक्षण केन्द्रको ल्याब परीक्षणका क्रममा प्रतिबन्धित रासायनिक विषादी प्रयोग गरेको पाइएमा वा तोकिएको मापदण्डभन्दा बढी विषादीको अवशेष भेटिएमा, त्यस्तो हरियो चियापत्ती तत्काल जफत गरी नष्ट गर्ने आदेश दिन सक्नेछ। त्यस्तो कार्यमा संलग्न कृषक, संकलक वा उद्योगलाई नगरपालिकाले उपलब्ध गराउने सम्पूर्ण सेवा, सुविधा र अनुदानबाट वञ्चित गरी प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ।

(७) पूर्ण प्राङ्गारिक उत्पादन गर्ने कृषक, बगान धनी तथा सहकारीलाई नगरपालिकाले प्राङ्गारिक मल, जैविक विषादी र प्राविधिक सहयोगमा अनुदान उपलब्ध गराउन सक्नेछ। प्रशोधन उद्योग (फ्याक्ट्री) ले त्यस्तो प्रमाणित प्राङ्गारिक चियापत्ती खरिद गर्दा आपसी सम्झौता बमोजिमको प्रिमियम (थप) मूल्य अनिवार्य रूपमा भुक्तानी गर्नु पर्नेछ।

५. **विषादी अवशेष व्यवस्थापन तथा ल्याब परीक्षण सम्बन्धी मापदण्डः** (१) चिया कृषक वा व्यावसायिक बगानले आफ्नो बगानमा नेपाल सरकारद्वारा प्रतिबन्धित कुनै पनि रासायनिक विषादी प्रयोग गर्न पाउने छैनन्। अनुमति प्राप्त विषादीहरू प्रयोग गर्दा पनि अन्तर्राष्ट्रिय रूपमा स्वीकृत 'अधिकतम अवशेष सीमा' (Maximum Residue Limit - MRL) को मापदण्ड अनिवार्य रूपमा पालना गर्नु पर्नेछ।

(२) **प्रतिक्षा अवधिको पालना:** चियाको बोटमा तोकिएको मापदण्ड भित्र रहेका कुनै पनि प्रकारको विषादी वा रासायनिक औषधी छर्किएपछि सोको प्रभाव समाप्त नहुँदा सम्म हरियो पत्ती टिप्न र संकलन केन्द्र वा फ्याक्ट्रीमा पठाउन पूर्ण रूपमा निषेध गरिएको छ।

(३) **विषादी प्रयोगको अभिलेख:** प्रत्येक हरियो चिया उत्पादकले तोकिएको मापदण्ड भित्र रही आफ्नो बगानमा प्रयोग गरिएको विषादीको नाम, छर्किएको मिति, मात्रा र हरियो चिया टिपिएको मिति खुल्ने गरी स्प्रे रेकर्ड डायरी अनिवार्य रूपमा अद्यावधिक राख्नु पर्नेछ। अनुगमन टोलीले माग गरेको बखत यस्तो डायरी उपलब्ध गराउनु कृषकको दायित्व हुनेछ।

(४) **कारबाहीको व्यवस्था:** ल्याब परीक्षणका क्रममा तोकिएको सीमा (MRL) भन्दा बढी विषादी अवशेष भेटिएमा, त्यस्तो चियाको लट तत्काल जफत गरी नष्ट गरिनेछ। सो कार्यमा संलग्न कृषक वा बगानलाई दफा

२१ बमोजिमको जरिबानाका साथै नगरपालिकाबाट प्राप्त गर्ने डिजिटल परिचयपत्र र अन्य सहुलियतहरू ६ महिनादेखि १ वर्षसम्मका लागि निलम्बन गरिनेछ।

## परिच्छेद-३
## हरियो चियापत्ती संकलन, मूल्य निर्धारण र बिचौलिया नियन्त्रण

६. **हरियो पत्ती ढुवानी तथा गुणस्तर सुरक्षा मापदण्डः** (१) चियाको मुना टिपिएको समयदेखि संकलन केन्द्र वा प्रशोधन उद्योगसम्म ढुवानी गर्दा पत्तीको ताजगी कायम राख्न र गुम्सिन नदिन अनिवार्य रूपमा हावा छिर्ने प्लास्टिक क्रेट वा जालीदार झोला को प्रयोग गर्नु पर्नेछ। चियालाई जुट वा प्लास्टिकका बोरामा कोचेर, थिचेर वा हावा नछिर्ने गरी ढुवानी गर्न पूर्ण रूपमा निषेध गरिएको छ।

(२) **समय सीमा:** चियाको मुना टिपिएको समयदेखि संकलन केन्द्र हुँदै फ्याक्ट्रीको गेटसम्म पुऱ्याउँदा सामान्यतया ४ (चार) घण्टाभन्दा बढी समय लगाउन पाइने छैन। धेरै समय लाग्दा हुने रेड लिफ को समस्या रोक्न संकलक र उद्योगले द्रुत ढुवानीको व्यवस्था मिलाउनु पर्नेछ।

(३) **सवारी साधनको मापदण्ड:** चिया ढुवानी गर्ने सवारी साधनमा चियाको पत्ती राखिएको क्रेटमाथि मानिस बस्न, गह्रुँगो भारी राख्न वा अन्य कुनै पनि प्रकारको गन्ध आउने वस्तु राख्न पाइने छैन।

(४) **घाम र पानीबाट सुरक्षा:** ढुवानीका क्रममा चियाको पत्तीलाई सिधै घामको राप वा वर्षाको पानीबाट जोगाउन सवारी साधनमा त्रिपाल वा हावा आवतजावत हुने खालको छानाको अनिवार्य व्यवस्था गरेको हुनु पर्नेछ।

(५) **सरसफाइ:** ढुवानीमा प्रयोग हुने क्रेट, झोला र सवारी साधनलाई दैनिक रूपमा सफा गरी गन्ध मुक्त र खाद्य सुरक्षा मापदण्ड अनुरूप राख्नु पर्नेछ। फोहोर वा गन्हाउने सवारी साधनमा चिया ढुवानी गरेको पाइएमा फ्याक्ट्री वा प्रशोधन उद्योगले त्यस्तो हरियो चिया लिन बाध्य हुने छैन।

(६) **लोडिङ र अनलोडिङ:** चियाको क्रेटहरू लोड वा अनलोड गर्दा जथाभाबी फाल्ने वा पछार्ने गर्न पाइने छैन। चियाको कोषिका नफुट्ने गरी जतनका साथ व्यवस्थापन गर्नु पर्नेछ।

७. **खुला बजार प्रणाली र प्रतिस्पर्धात्मक मूल्य निर्धारणको सिद्धान्तः** (१) सूर्योदय नगरपालिका क्षेत्रभित्र हरियो चियापत्तीको खरिद, बिक्री र आपूर्ति खुला बजार अर्थतन्त्रको मर्म अनुरूप प्रतिस्पर्धात्मक प्रणालीका आधारमा सञ्चालन हुनेछ।

(२) चिया प्रशोधन उद्योग (फ्याक्ट्री) र चिया कृषक, बगान धनी वा कृषक समूहबीच हरियो पत्तीको गुणस्तर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग र चिया अक्सन बजारको दरभाउलाई मध्यनजर गरी आपसी सहमतिमा प्रतिस्पर्धात्मक मूल्य निर्धारण गर्न बाधा परेको मानिने छैन।

(३) हरियो चियापत्तीको खरिद बिक्रीमा कुनै पनि प्रकारको एकाधिकार, सिन्डिकेट, कार्टेलिङ वा बिचौलियाहरूबाट हुने कृत्रिम मूल्य नियन्त्रण तथा मिलेमतोलाई यस कार्यविधि बमोजिम पूर्ण रूपमा निषेध गरिएको छ।

(४) खुला बजार प्रणाली अवलम्बन गरिए तापनि साना चिया कृषकहरूको उत्पादन लागत सुनिश्चित गर्न र अनुचित मूल्यको मारबाट बचाउन सरोकारवालाहरूको समन्वयमा नगर कार्यपालिकाले हरियो चियापत्तीको

गुणस्तरका आधारमा वार्षिक वा सिजनगत रूपमा **न्यूनतम खरिद मूल्य** तोक्न सक्नेछ। कुनै पनि प्रशोधन उद्योग वा संकलकले उक्त न्यूनतम खरिद मूल्यभन्दा कम मूल्यमा हरियो पत्ती खरिद गर्न पाउने छैन।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रशोधन उद्योगहरूले प्रतिस्पर्धात्मक रूपमा न्यूनतम दरभन्दा बढी जतिसुकै मूल्य तिरेर उच्च गुणस्तरको र प्राङ्गारिक हरियो पत्ती खरिद गर्न स्वतन्त्र हुनेछन्। यस्तो प्रतिस्पर्धाले कृषकहरूलाई गुणस्तरीय हरियो पत्ती उत्पादन गर्न थप प्रोत्साहन गर्नेछ।

(६) प्रत्येक प्रशोधन उद्योग तथा संकलन केन्द्रले हरियो पत्तीको खरिद दर (ग्रेडिङ र मूल्यसहितको विवरण) कृषकले प्रस्ट देख्ने गरी आफ्नो सूचना पाटीमा दैनिक रूपमा सार्वजनिक गर्नु पर्नेछ।

८. **किसान र उद्योग (फ्याक्ट्री) बीच प्रत्यक्ष खरिद-बिक्री सम्झौताको व्यवस्था:** (१) हरियो चियापत्तीको खरिद-बिक्रीमा बिचौलियाको अनावश्यक तहलाई निरुत्साहित गर्न, किसानले आफ्नो उत्पादनको उचित मूल्य प्राप्त गर्न र प्रशोधन उद्योगले तोकिएको गुणस्तरको कच्चा पदार्थ नियमित रूपमा प्राप्त गर्ने सुनिश्चितताको लागि चिया कृषक, बगान धनी वा कृषक सहकारी र प्रशोधन उद्योग (फ्याक्ट्री) बीच प्रत्यक्ष खरिद-बिक्री सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने सम्झौता अनिवार्य रूपमा लिखित हुनु पर्नेछ। उक्त सम्झौतामा अनुसूची-२ मा तोकिएको ढाँचा अनुरूप हरियो पत्तीको अनुमानित परिमाण, गुणस्तर, खरिद दर वा मूल्य निर्धारणको संयन्त्र, चिया संकलन गर्ने स्थान र भुक्तानीको समयतालिका स्पष्ट रूपमा खुलाइएको हुनु पर्नेछ।

(३) प्रत्यक्ष खरिद-बिक्री सम्झौता गरेका किसानहरूलाई भुक्तानी गर्दा प्रशोधन उद्योगले अनिवार्य रूपमा बैंकिङ प्रणाली वा डिजिटल भुक्तानीको माध्यमबाट तोकिएको समयभित्र सिधै किसानको खातामा रकम जम्मा गर्नु पर्नेछ।

(४) सम्झौतामा आबद्ध किसानहरूलाई असल कृषि अभ्यास (GAP) को पालना, गुणस्तर सुधार र प्राङ्गारिक खेती प्रवर्द्धनका लागि सम्बन्धित प्रशोधन उद्योगले आवश्यकता अनुसार प्राविधिक सहयोग, प्रशिक्षण वा सहुलियत दरमा कृषि सामग्री उपलब्ध गराउने व्यवस्था सम्झौतामै उल्लेख गर्न सकिनेछ।

(५) यस दफा बमोजिम किसान र उद्योगबीच भएका खरिद-बिक्री सम्झौताको दुवै पक्षले एक प्रति सम्बन्धित वडा कार्यालयमा दर्ता गराउनु पर्नेछ। अभिलेखीकरण भएका सम्झौतालाई मात्र नगरपालिकाले कानुनी मान्यता दिनेछ।

(६) सम्झौताका सर्तहरू कुनै पक्षले उल्लङ्घन गरेमा वा खरिद-बिक्री तथा भुक्तानीको विषयमा कुनै विवाद सिर्जना भएमा, वडा स्तरीय अनुगमन समितिले पहिलो चरणमा मेलमिलापको माध्यमबाट विवाद समाधान गर्नेछ। मेलमिलाप हुन नसकेमा नगर कार्यपालिकाले प्रचलित कानुन बमोजिम आवश्यक निर्णय लिनेछ।

९. **बिचौलियाको अनावश्यक तह घटाउने र संकलन केन्द्रहरूको कडा नियमन:** (१) हरियो चियापत्तीको आपूर्ति श्रृंखलामा रहेका बिचौलियाहरूको अनावश्यक तहलाई हटाई कृषक र उद्योगबीचको दूरी कम गर्न नगरपालिका वा सम्बन्धित वडा कार्यालयमा दर्ता भई पूर्व अनुमति प्राप्त गरेका आधिकारिक 'चिया संकलन केन्द्र' ले मात्र

हरियो पत्ती संकलन तथा ढुवानी गर्न पाउनेछन् । दर्ता नभई चिया संकलन वा ढुवानी गर्ने व्यक्ति, फर्म वा संस्थालाई गैरकानुनी मानी प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ ।

(२) कुनै पनि संकलन केन्द्रले आफूले संकलन गरेको हरियो चिया पत्ती सिधै प्रशोधन उद्योग (फ्याक्ट्री) लाई मात्र हस्तान्तरण वा बिक्री गर्नु पर्नेछ । एक संकलकले अर्को संकलक वा बिचौलियालाई हरियो पत्ती बिक्री गर्न वा तहगत रूपमा कारोबार गरी मूल्य अभिवृद्धि बिना नाफा लिन पूर्ण रूपमा निषेध गरिएको छ ।

(३) संकलन केन्द्रले कृषकबाट हरियो चिया पत्ती खरिद गर्दा उद्योगले तोकेको वा नगरपालिकाले निर्धारण गरेको न्यूनतम खरिद दरमा ढुवानी तथा व्यवस्थापन बापतको पारदर्शी र निश्चित सेवा शुल्क मात्र कट्टा गरी बाँकी सम्पूर्ण रकम कृषकलाई भुक्तानी गर्नु पर्नेछ । यस्तो सेवा शुल्कको अधिकतम दर सरोकारवालाहरूको सहमतिमा नगर कार्यपालिका वा समितिले तोके बमोजिम हुनेछ ।

(४) प्रत्येक संकलन केन्द्रले अनिवार्य रूपमा डिजिटल तराजुको प्रयोग गर्नु पर्नेछ र नापतौल गुणस्तर विभाग वा सम्बन्धित निकायबाट समय-समयमा उक्त तराजुको प्रमाणीकरण गराएको हुनु पर्नेछ । अनुगमन समितिको सिफारिसमा कार्यपालिकाले तौलमा ठगी गरेको वा कृषकलाई नोक्सान पुऱ्याएको पाएमा त्यस्तो संकलन केन्द्रको अनुमति तत्काल खारेज गर्नेछ ।

(५) संकलन केन्द्रको भौतिक अवस्था सफा, स्वच्छ र सुरक्षित हुनु पर्नेछ । कृषकबाट संकलित हरियो चिया पत्तीलाई गुणस्तर नबिग्रने गरी जालीदार झोलामा बढीमा ३५ किलो मात्र राखी हावा छिर्ने र तापक्रम सन्तुलित हुने सवारी साधनमार्फत कारखानासम्म यथाशीघ्र ढुवानी गर्नु पर्नेछ ।

(६) टिपिएको हरियो पत्तीको नरमपना र मौलिक गुणस्तर कायम राख्न कृषकले अपराह्न ४:०० बजेभित्र संकलन केन्द्रमा पत्ती बुझाइ सक्नु पर्नेछ र संकलकले सोही दिनको साँझ ६:०० बजेभित्र अनिवार्य रूपमा प्रशोधन उद्योगमा पुऱ्याइ सक्नु पर्नेछ । बाटोमा लामो समय रोकेर वा भण्डारण गरेर पत्तीको गुणस्तर बिगार्न पाइने छैन ।

(७) मापदण्ड विपरीत कम गुणस्तरको पत्ती संकलन गर्ने, सूचना पाटीमा मूल्य सूची नराख्ने, कृषकलाई प्यान (PAN) नम्बरसहितको खरिद बिल नदिने, समयमा भुक्तानी नगर्ने वा बिचौलियाको रूपमा अनुचित लाभ लिने संकलन केन्द्रलाई नगर वा वडा स्तरीय अनुगमन समितिको सिफारिसमा दर्ता खारेज गरी प्रचलित कानुन बमोजिम कडा कारबाही गरिनेछ ।

१०. **न्यूनतम खरिद दर र सम्झौता दर निर्धारण संयन्त्रः** (१) चिया कृषकहरूको उत्पादन लागत सुरक्षित गर्न र बजारको उतारचढावबाट पर्ने आर्थिक जोखिम न्यूनीकरण गर्न, नगर कार्यपालिकाले चिया उत्पादक कृषक, प्रशोधक उद्योग र सरोकारवालाहरूको प्रत्यक्ष सहभागिता तथा सहमतिमा प्रत्येक वर्ष वा मुख्य सिजनको सुरुवातमा हरियो चियापत्तीको न्यूनतम खरिद दर निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम न्यूनतम खरिद दर तोकिएको भए तापनि, चिया प्रशोधन उद्योग (फ्याक्ट्री) र कृषक, कृषक समूह वा सहकारीबीच खुला बजारको माग, तयारी चियाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार मूल्य र हरियो चिया पत्तीको गुणस्तरलाई आधार मानी आपसी सहमतिमा बजार सुहाउँदो दर तोक्न यस

कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन । तर, यस्तो सम्झौता दर कुनै पनि अवस्थामा नगरपालिकाले तोकेको न्यूनतम खरिद दरभन्दा कम हुन सक्ने छैन ।

(३) फ्याक्ट्री र किसानबीच खरिद-बिक्री दरको सम्झौता गर्दा हरियो चिया पत्तीको नरमपनालाई अनिवार्य रूपमा मुख्य आधार मान्नु पर्नेछ । तोकिएको न्यूनतम ४०% भन्दा बढी गुणस्तर भएको र प्रमाणित प्राङ्गारिक पत्तीको हकमा फ्याक्ट्रीले आपसी सहमतिमा प्रिमियम (थप बोनस) मूल्य प्रदान गर्ने गरी दर निर्धारण गर्नु पर्नेछ ।

(४) बजार सुहाउँदो र उपयुक्त दर कायम गर्न फ्याक्ट्री व्यवस्थापन र किसान प्रतिनिधिहरू सम्मिलित एक मूल्य निर्धारण तथा पुनरावलोकन संयन्त्र गठन गर्न सकिनेछ । यस संयन्त्रले विश्व चिया बजार तथा अक्सन बजारको मूल्य प्रवृत्तिलाई विश्लेषण गरी आवश्यकता अनुसार सिजनगत खरिद दरको पुनरावलोकन र परिमार्जन गर्न सक्नेछ ।

(५) कुनै पनि फ्याक्ट्री वा संकलन केन्द्रले आपसी सम्झौतामा तय भएको दर वा नगरपालिकाले तोकेको न्यूनतम खरिद दरभन्दा कम मूल्यमा हरियो चिया पत्ती खरिद गर्न वा भुक्तानीको समयमा विभिन्न बहाना बनाई मूल्य कटौती गर्न पूर्ण रूपमा निषेध गरिएको छ ।

(६) तोकिएको न्यूनतम खरिद मूल्य वा सम्झौता दर कार्यान्वयन नगर्ने, किसानलाई भुक्तानीमा ढिलाइ गर्ने वा अनुचित मूल्यमा पत्ती खरिद गर्ने फ्याक्ट्री वा संकलकलाई नगर वा वडा स्तरीय समितिको सिफारिसमा नगरपालिकाबाट प्रदान गरिने सिफारिस, नवीकरण र सेवा-सुविधा रोक्का राख्नेदेखि प्रचलित कानुन बमोजिमको हदैसम्मको कारबाही गरिनेछ ।

**११. ग्रेडिङका आधारमा मूल्यमा प्रिमियम व्यवस्थाः** (१) किसानलाई गुणस्तरीय हरियो चियापत्ती उत्पादन गर्न प्रोत्साहित गर्ने उद्देश्यले, प्रशोधन उद्योग वा संकलन केन्द्रले खरिद गर्ने हरियो चिया पत्तीको ग्रेडिङका आधारमा तय भएको न्यूनतम खरिद दर वा सम्झौता दरमा अतिरिक्त प्रिमियम रकम अनिवार्य रूपमा थप गरी भुक्तानी गर्नु पर्नेछ ।

(२) **अनुसूची-१** मा उल्लेखित हरियो चिया पत्ती ग्रेडिङ विधि अनुसार तोकिएको न्यूनतम मापदण्ड भन्दा माथि जति प्रतिशत बढी गुणस्तरीय पत्ती (सुइरो, एक पात सुइरो, दुई पात सुइरो) हुन्छ, सोही अनुपातमा फ्याक्ट्री र किसान वा सहकारीबीचको सम्झौता बमोजिम प्रिमियम दर गणना गरिनेछ ।

(३) स्पेस्यालिटी चिया जस्तैः ह्वाइट टी वा उच्च गुणस्तरको ग्रीन टी निर्माणका लागि आवश्यक पर्ने 'सुइरो मात्र' वा 'एक पात एक सुइरो' जस्ता विशेष प्रकृतिको हरियो पत्ती खरिद गर्दा उद्योगले अन्तर्राष्ट्रिय बजारको माग र मूल्यका आधारमा कृषकलाई विशेष प्रिमियम मूल्य प्रदान गर्नु पर्नेछ ।

(४) ग्रेडिङ प्रतिशत निर्धारण गर्दा प्रशोधन उद्योग वा संकलन केन्द्रले किसान वा निजको प्रतिनिधिको रोहबरमा पारदर्शी रूपमा हरियो चिया पत्तीको नमुना लिई परीक्षण गर्नु पर्नेछ । परीक्षणबाट कायम भएको Fineness प्रतिशत र सो को आधारमा प्राप्त हुने प्रिमियम रकम तत्काल कृषकलाई दिइने खरिद बिल मा स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

(५) प्रिमियम रकम प्राप्त गर्ने उद्देश्यले उच्च गुणस्तरको पत्तीमा जानाजान कम गुणस्तरको (छिप्पिएको, बाँझी वा रोगी) हरियो चिया पत्ती मिसावट गरी कृत्रिम रूपमा परिमाण बढाउन खोज्ने कार्यलाई निषेध गरिएको छ। यस्तो अवस्थामा उद्योग वा संकलकले सम्झौता बमोजिम प्रिमियम रोक्का गर्न वा उक्त पत्ती खरिद गर्न अस्वीकार गर्न सक्नेछ।

(६) उद्योगले ग्रेडिङको बहानामा किसानलाई दिइनुपर्ने प्रिमियम नदिएमा वा परीक्षणमा नियतवश त्रुटि गरी Fineness प्रतिशत कम देखाएमा कृषकले वडा वा नगर स्तरीय अनुगमन समितिमा उजुरी गर्न सक्नेछन्। उजुरी प्रमाणित भएमा त्यस्तो उद्योगलाई प्रचलित कानुन बमोजिम कारबाही गरी किसानलाई क्षतिपूर्ति समेत भराइनेछ।

## परिच्छेद-४

## प्रशोधन उद्योग सञ्चालन तथा उपभोक्ता हकहित

**१२. असल प्रशोधन अभ्यासको अनिवार्य पालना गर्नुपर्नेः** (१) सूर्योदय नगरपालिका क्षेत्रभित्र सञ्चालित सम्पूर्ण चिया प्रशोधन उद्योग (फ्याक्ट्री) तथा मिनी फ्याक्ट्रीहरूले उपभोक्ताको स्वास्थ्य र चियाको अन्तर्राष्ट्रिय गुणस्तर कायम राख्न खाद्य स्वच्छता सम्बन्धी असल प्रशोधन अभ्यासको अनिवार्य रूपमा पालना गर्नु पर्नेछ।

(२) प्रशोधन उद्योगको भौतिक संरचना, भुइँ, भित्ता र छाना सफा, सुख्खा र सुरक्षित हुनु पर्नेछ। प्रशोधन उद्योगले उद्योग परिसरभित्र पर्याप्त हावा र प्रकाशको व्यवस्था हुनुका साथै धुलो, धुवाँ, कीरा-फट्याङ्ग्रा, चराचुरुङ्गी र छाडा चौपायाको प्रवेशलाई पूर्ण रूपमा निषेध गर्ने संरचनागत व्यवस्था मिलाउनु पर्नेछ।

(३) चिया प्रशोधनमा प्रयोग हुने मेसिनरी औजार, रोलिङ टेबल, ड्रायर, जाली र भण्डारणका भाँडाहरू खिया नलाग्ने वा खाद्य सुरक्षा मापदण्ड अनुरूपको हुनु पर्नेछ। चियाको सम्पर्कमा आउने सम्पूर्ण मेसिन तथा औजारहरूको दैनिक सरसफाइ र नियमित मर्मत सम्भार अनिवार्य रूपमा गर्नु पर्नेछ।

(४) हरियो पत्तीको विदरिङ, रोलिङ, अक्सिडेसन/फर्मेन्टेसन, ड्राइङ र सोर्टिङ्ग लगायतका प्रशोधनका हरेक चरणमा बाह्य अखाद्य वस्तु, धूलो, पसिना, कपाल वा अन्य कुनै पनि प्रकारको मिसावट हुन नदिने पूर्ण सतर्कता अपनाउनु पर्नेछ। प्रशोधन कक्षभित्र सुर्तीजन्य पदार्थको सेवन र धुम्रपानलाई पूर्ण रूपमा बन्देज गरिएको हुनु पर्नेछ र प्रशोधन उद्योगले सो सम्बन्धी सूचना सबैले देख्न सक्ने ठाउँमा टाँस्नु पर्नेछ।

(५) तयारी चियाको भण्डारण गर्दा ओस र अन्य कडा गन्ध बाट सुरक्षित राख्न हावा नछिर्ने र भुइँबाट उचाइ भएको सुख्खा तथा सफा गोदामघरको व्यवस्था गर्नु पर्नेछ। चियालाई रसायन वा विषादी राखिएको स्थानको नजिक भण्डारण गर्न पाइने छैन।

(६) प्रत्येक प्रशोधन उद्योगले उत्पादनको ट्रेसेबिलिटी कायम गर्न ब्याच नम्बर, प्रशोधन मिति, प्रशोधन गरिएको हरियो पत्तीको स्रोत (कृषक/संकलक) र तापक्रमको विवरणसहितको उत्पादन लगबुक अनिवार्य रूपमा अद्यावधिक राख्नु पर्नेछ।

(७) बजारमा पठाइएको कुनै ब्याचको चियामा गुणस्तर हीनता वा अखाद्य तत्व भेटिएमा वा उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर पर्ने देखिएमा, उद्योगले तत्काल उक्त उत्पादनलाई बजारबाट फिर्ता गर्न सक्ने स्पष्ट

प्रणाली विकास गरेको हुनु पर्नेछ । असल प्रशोधन अभ्यास पालना नगर्ने उद्योगलाई अनुगमन समितिको सिफारिसमा नगर कार्यपालिकाले प्रशोधन उद्योगलाई सिलबन्दी गर्ने वा प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ ।

(८) **हरित ऊर्जाको प्रयोग र प्रोत्साहनः** चिया प्रशोधनका क्रममा दाउरा, कोइला वा अन्य जैविक इन्धनको प्रयोगलाई क्रमशः न्यूनीकरण गर्दै उद्योगहरूले अनिवार्य रूपमा विद्युतीय ड्रायर वा नवीकरणीय ऊर्जाका अन्य आधुनिक स्रोतहरू प्रयोग गर्नु पर्नेछ । पूर्ण रूपमा विद्युतीय ऊर्जामा आधारित भई कार्बन तटस्थ चिया उत्पादन गर्ने उद्योगलाई नगरपालिकाले विद्युत् महसुलमा समन्वय गर्ने वा मेसिन खरिदमा विशेष पुँजीगत अनुदान उपलब्ध गराउनेछ ।

(९) **प्रदूषण नियन्त्रण र वातावरणीय मापदण्डः**

(क) दाउरा वा अन्य इन्धन प्रयोग गर्ने उद्योगले धुवाँको उचित निकासका लागि तोकिएको मापदण्ड बमोजिमको उचाइ भएको चिम्नीको व्यवस्था गर्नु पर्नेछ । चिम्नीबाट निस्कने धुवाँले वरपरको मानव बस्ती र वातावरणमा प्रतिकूल असर नपर्ने गरी अनिवार्य रूपमा स्मोक फिल्टर जडान गर्नु पर्नेछ ।

(ख) कारखानाबाट निस्कने तरल फोहोर लाई सिधै प्राकृतिक जलस्रोत, सार्वजनिक ढल वा खेतबारीमा मिसाउन पाइने छैन । त्यस्तो फोहोरलाई अनिवार्य रूपमा प्रशोधन गरी सुरक्षित रूपमा विसर्जन गर्नु पर्नेछ ।

(ग) चियाको प्रशोधनका क्रममा निस्कने चियाको धूलो र अन्य ठोस फोहोरलाई यत्रतत्र नछरी उचित संकलन गरी कम्पोस्ट मल बनाउन वा अन्य औद्योगिक प्रयोजनमा लगाउनु पर्नेछ ।

(१०) **प्राङ्गारिक प्रमाणीकरण र ऊर्जाको सम्बन्ध:** अर्गानिक चिया दाबी गर्ने उद्योगले दाउराको धुवाँबाट चियाको स्वाद र गन्ध प्रभावित हुन नदिन प्रशोधन कक्ष र इन्धन बाल्ने ठाउँ पूर्ण रूपमा छुट्टिएको हुनु पर्नेछ । विद्युतीय ड्रायरको प्रयोगलाई अर्गानिक प्रमाणीकरणको एक महत्वपूर्ण सूचक मानिनेछ ।

**१३. कारखानाको सरसफाइ र खाद्य स्वच्छता मापदण्डः** (१) चिया प्रशोधन कार्यमा प्रत्यक्ष संलग्न हुने सम्पूर्ण श्रमिक तथा कर्मचारीहरूले खाद्य स्वच्छता कायम राख्न काम गर्ने समयमा अनिवार्य रूपमा सफा एप्रोन, कपाल छोप्ने जाली/टोपी, आवश्यकता अनुसार पन्जा र कारखानाभित्र मात्र प्रयोग हुने छुट्टै जुत्ता वा बुट लगाएको हुनु पर्नेछ ।

(२) कारखानाको प्रशोधन कक्षको भुइँ, भित्ता, छाना र ढोकाहरू धुलो तथा जालोमुक्त हुनु पर्नेछ । प्रशोधन कक्षभित्र पानी जम्न नदिने र फोहोर पानी तथा तरल पदार्थको सुरक्षित निकासका लागि उचित ढल निकास को प्रबन्ध मिलाउनु पर्नेछ ।

(३) कारखाना परिसरमा श्रमिक तथा कर्मचारीहरूका लागि पर्याप्त मात्रामा शुद्ध पिउने पानीको व्यवस्था गर्नु पर्नेछ । प्रशोधन कक्षभन्दा निश्चित दूरीमा रहने गरी साबुन पानीसहितको सफा शौचालय र हात धुने स्थानको व्यवस्था अनिवार्य रूपमा गर्नु पर्नेछ । शौचालय प्रयोग गरेपश्चात् साबुन पानीले हात नधोई प्रशोधन कक्षमा प्रवेश गर्न पूर्ण रूपमा रोक लगाउनु पर्नेछ ।

(४) चिया प्रशोधन कक्षभित्र कुनै पनि प्रकारको खानेकुरा खाने, सुर्तीजन्य पदार्थ (खैनी, पान, गुट्खा आदि) सेवन गर्ने, धुम्रपान गर्ने र जथाभाबी थुक्ने कार्यलाई पूर्ण रूपमा निषेध गरिएको छ। यस्तो कार्य गरेको पाइएमा सम्बन्धित श्रमिक वा कर्मचारीलाई कारखाना व्यवस्थापनले तत्काल कारबाही गर्नु पर्नेछ।

(५) चियाको प्रत्यक्ष सम्पर्कमा रहेर काम गर्ने (विशेषगरी रोलिङ, सोटिङ र प्याकेजिङमा खटिने) श्रमिकहरूको कारखाना व्यवस्थापनले नियमित (कम्तीमा वर्षको एक पटक) स्वास्थ्य परीक्षण गराउनु पर्नेछ। कुनै सरुवा रोग, रुघाखोकी वा छाला सम्बन्धी रोग लागेका श्रमिकलाई रोग पूर्ण रूपमा निको नभएसम्म चिया प्रशोधनको काममा संलग्न गराउन पाइने छैन।

(६) कारखानाबाट निस्कने फोहोर, प्लास्टिक, र चियाको अखाद्य धुलो वा डाँठ लाई यत्रतत्र छरपस्ट नछाडी वातावरणमा असर नपर्ने गरी सुरक्षित रूपमा विसर्जन गर्न वा कम्पोस्ट मल बनाउने प्रयोजनको लागि छुट्टै व्यवस्थित स्थानको प्रबन्ध गर्नु पर्नेछ।

(७) उपदफा (१) देखि (६) सम्मका मापदण्डहरूको प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक प्रशोधन उद्योगले एक जना तालिम प्राप्त कर्मचारीलाई खाद्य स्वच्छता तथा सरसफाइ सुपरिवेक्षकको रूपमा जिम्मेवारी तोक्नु पर्नेछ।

**१४. उपभोक्ता हकहित संरक्षण, लेबलिङ तथा मिसावट निषेधः** (१) चिया प्रशोधन उद्योग तथा प्याकेजिङकर्ताले तयारी चियाको गुणस्तर, बास्ना र स्वाद लामो समयसम्म सुरक्षित राख्न अनिवार्य रूपमा ओस नछिर्ने खाद्यस्तरको प्याकेजिङ सामग्रीको मात्र प्रयोग गर्नु पर्नेछ।

(२) उपभोक्ताको सुसूचित हुने अधिकारलाई सुनिश्चित गर्न बजारमा पठाइने तयारी चियाको प्रत्येक प्याकेटमा देहाय बमोजिमका विवरणहरू स्पष्ट बुझिने गरी लेबलिङ गरिएको हुनु पर्नेछः

(क) चियाको प्रकार र ग्रेड (जस्तैः अर्थोडक्स, ग्रीन टी, ह्वाइट टी आदि)।

(ख)उत्पादनको ब्याच नम्बर

(ग) उत्पादन भएको मिति र उपभोग गरि सक्नुपर्ने म्याद।

(घ) खुद तौल र अधिकतम खुद्रा मूल्य

(ङ) उत्पादन गर्ने वा प्याकेजिङ गर्ने उद्योगको नाम, पूरा ठेगाना र सम्पर्क नम्बर।

(च) खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा सम्बन्धित निकायबाट प्राप्त खाद्य अनुज्ञापत्र नम्बर।

(३) कुनै पनि उद्योग वा प्याकेजिङकर्ताले आफ्नो उत्पादनलाई प्राङ्गारिक भनी दाबी गरी बिक्री वितरण गर्ने भएमा, आधिकारिक निकायबाट प्राप्त प्राङ्गारिक प्रमाणीकरणको प्रमाण वा लोगो प्याकेटमा अनिवार्य रूपमा उल्लेख गरेको हुनु पर्नेछ। प्रमाणीकरण बिना वा झुटो विवरण राखी 'अर्गानिक' भनी लेबलिङ गर्न पूर्ण रूपमा निषेध गरिएको छ।

(४) सूर्योदय नगरपालिकाको चियालाई छुट्टै ब्रान्डको रूपमा स्थापित गर्न उत्पादकहरूले आफ्नो प्याकेटमा सूर्योदय नगरपालिका, इलाम, नेपालमा उत्पादित भनी स्पष्ट रूपमा खुलाउनु पर्नेछ। नगरपालिकाले जारी गरेको छुट्टै गुणस्तर लोगो प्राप्त गरेका उद्योगले उक्त लोगो प्याकेटमा प्रयोग गर्न सक्नेछन्।

(५) तयारी चियामा कुनै पनि प्रकारको कृत्रिम रङ, अखाद्य बास्ना, बाहिरी क्षेत्र वा तराईबाट ल्याइएको हरियो चिया पत्ति, कमसल चिया वा एक पटक प्रयोग भइसकेको चियापत्ती मिसावट गर्न यस कार्यविधि बमोजिम पूर्ण रूपमा बन्देज लगाइएको छ।

(६) उपदफा (५) विपरीत मिसावट गरेको पाइएमा वा लेबलिङमा झुटो विवरण राखी उपभोक्तालाई ठगी गरेको प्रमाणित भएमा, त्यस्तो उद्योग वा व्यवसायीको उत्पादन जफत गरी दर्ता खारेज गर्ने देखि प्रचलित उपभोक्ता संरक्षण ऐन र खाद्य ऐन बमोजिम हदैसम्मको कानुनी कारबाही गरिनेछ।

## परिच्छेद-५

## श्रमिक हकहित, न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा

**१५. उपभोक्ता हकहित संरक्षण, लेबलिङ, भौगोलिक संकेत तथा ब्रान्डिङ:** (१) चिया प्रशोधन उद्योग तथा प्याकेजिङकर्ताले तयारी चियाको गुणस्तर, बास्ना र स्वाद लामो समयसम्म सुरक्षित राख्न अनिवार्य रूपमा ओस नछिर्ने खाद्यस्तरको प्याकेजिङ सामग्रीको मात्र प्रयोग गर्नु पर्नेछ।

(२) **भौगोलिक संकेतको संरक्षण:** सूर्योदय नगरपालिका क्षेत्रभित्र उत्पादन र प्रशोधन भएको चियालाई मात्र सूर्योदय चियाको रूपमा ब्रान्डिङ गर्न पाइनेछ। नगरपालिका बाहिर वा तराई क्षेत्रबाट उत्पादित चिया ल्याई यस नगरपालिकाको नाम वा ब्रान्ड प्रयोग गरी बिक्री-वितरण गर्न पूर्ण रूपमा निषेध गरिएको छ।

(३) **मिसावट निषेध:** सूर्योदयको चियाको मौलिक स्वाद र गुणस्तर जोगाउन यस क्षेत्रको चियामा बाह्य क्षेत्रको कमसल चिया मिश्रण गरी सूर्योदयको चिया भनी लेबलिङ गर्न पाइने छैन। यस्तो कार्य गरेको पाइएमा सो लटको सम्पूर्ण चिया जफत गरी कडा कानुनी कारबाही गरिनेछ।

(४) **नगरपालिकाको गुणस्तर लोगो:** यस कार्यविधिका सबै मापदण्डहरू पूर्ण रूपमा पालना गर्ने उद्योगहरूलाई नगरपालिकाले एक विशिष्ट **सूर्योदय गुणस्तर लोगो** प्रदान गर्नेछ। यस्तो लोगो प्राप्त उद्योगले मात्र आफ्नो प्याकेटमा सो चिह्न प्रयोग गर्न पाउनेछन्।

(५) **अनिवार्य लेबलिङ:** बजारमा पठाइने तयारी चियाको प्रत्येक प्याकेटमा देहायका विवरणहरू स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछः

(क) चियाको प्रकार, ग्रेड र 'Suryodaya Origin' को पहिचान।

(ख) उत्पादनको ब्याच नम्बर र प्रशोधन मिति।

(ग) उपभोग गरि सक्नुपर्ने म्याद

(घ) उद्योगको नाम, पूरा ठेगाना र खाद्य अनुज्ञापत्र नम्बर।

(ङ) अर्गानिक प्रमाणीकरण भएको भए सोको लोगो वा प्रमाणीकरण नम्बर।

(६) **डिजिटल ट्रेसेबिलिटी:** ठूला उद्योगहरूले आफ्नो प्याकेटमा क्युआर कोड को व्यवस्था गर्नु पर्नेछ, जसलाई स्क्यान गर्दा चिया कुन बगानबाट आएको हो र यसको ल्याब परीक्षण रिपोर्ट कस्तो छ भन्ने विवरण उपभोक्ताले सजिलै हेर्न सक्ने व्यवस्था गर्नु पर्नेछ।

(७) झुटो विवरण राखी 'अर्गानिक' भनी दाबी गर्ने वा भौगोलिक संकेत को दुरुपयोग गर्ने व्यवसायीलाई प्रचलित उपभोक्ता संरक्षण ऐन र यस कार्यविधि बमोजिम हदैसम्मको कारबाही गरिनेछ।

**१६. श्रम ऐन बमोजिम कारखानाका श्रमिकको न्यूनतम पारिश्रमिकको सुनिश्चितता**ः (१) सूर्योदय नगरपालिका क्षेत्रभित्र सञ्चालित सम्पूर्ण चिया प्रशोधन उद्योग (फ्याक्ट्री), मिनी फ्याक्ट्री, चिया बगान तथा चिया संकलन केन्द्रहरूले आफ्ना स्थायी, अस्थायी, करार वा दैनिक ज्यालादारीमा कार्यरत सम्पूर्ण श्रमिक तथा कर्मचारीहरूलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको वा नगर कार्यपालिकाले निर्धारण गरेको (जुन बढी हुन्छ सोही) न्यूनतम पारिश्रमिक अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ।

(२) चिया क्षेत्रमा कार्यरत महिला र पुरुष श्रमिकबीच समान प्रकृतिको वा समान मूल्यको कामका लागि पारिश्रमिकमा कुनै पनि प्रकारको लैङ्गिक भेदभाव गर्न पूर्ण रूपमा निषेध गरिएको छ। समान कामका लागि समान ज्यालाको सिद्धान्तलाई सबै रोजगारदाताले अनिवार्य पालना गर्नु पर्नेछ।

(३) पारिश्रमिक भुक्तानीमा पारदर्शिता कायम गर्न र श्रमिकको ठगी रोक्न, उद्योग वा रोजगारदाताले श्रमिकलाई भुक्तानी गर्नुपर्ने मासिक पारिश्रमिक वा ज्याला अनिवार्य रूपमा बैंकिङ प्रणालीमार्फत सिधै सम्बन्धित श्रमिकको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ।

(४) कुनै पनि श्रमिकलाई सामान्यतया दिनको आठ घण्टा र साताको अड्चालीस घण्टाभन्दा बढी काममा लगाउन पाइने छैन। हरियो चिया पत्तीको चापको समयमा सो निर्धारित समयभन्दा बढी काममा लगाउनुपर्ने अवस्था आएमा, रोजगारदाताले प्रचलित श्रम ऐनको व्यवस्था बमोजिम अतिरिक्त समयको ज्याला (Overtime Pay - आधारभूत पारिश्रमिकको डेढ गुणा) अनिवार्य रूपमा भुक्तानी गर्नु पर्नेछ।

(५) प्रत्येक उद्योग तथा रोजगारदाताले आफ्ना श्रमिकहरूको नियमित हाजिरी (विद्युतीय वा हाजिरी पुस्तिका) अद्यावधिक राख्नु पर्नेछ। पारिश्रमिक भुक्तानी गर्दा श्रमिकको आधारभूत तलब, महँगी भत्ता, अतिरिक्त समयको ज्याला र कट्टा भएको रकम स्पष्ट खुल्ने गरी पारिश्रमिकको निस्सा अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ।

(६) बालबालिकालाई चिया टिप्ने, संकलन गर्ने, भारी बोक्ने वा कारखानाको कुनै पनि जोखिमपूर्ण काममा लगाउन यस कार्यविधि बमोजिम पूर्ण रूपमा बन्देज गरिएको छ।

(७) तोकिएको न्यूनतम पारिश्रमिक नदिने, विना कारण पारिश्रमिक रोक्का राख्ने, वा श्रमिकको श्रम शोषण गरेको उजुरी प्रमाणित भएमा, नगर स्तरीय अनुगमन समितिको सिफारिसमा नगर कार्यपालिकाले त्यस्ता उद्योगको दर्ता वा नवीकरण रोक्का राख्ने, नगरपालिकाबाट दिइने सम्पूर्ण सिफारिस र सेवा-सुविधाबाट वञ्चित गर्ने र आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाइनेछ।

**१७. योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा कर्मचारी तथा श्रमिकहरूको अनिवार्य आबद्धता:**(१) सूर्योदय नगरपालिका क्षेत्रभित्र सञ्चालित सम्पूर्ण चिया प्रशोधन उद्योग (फ्याक्ट्री), मिनी फ्याक्ट्री, व्यावसायिक चिया बगान तथा दर्तावाला संकलन केन्द्रहरूले आफू कहाँ कार्यरत स्थायी, अस्थायी वा करार प्रकृतिका सम्पूर्ण

श्रमिक तथा कर्मचारीहरूलाई प्रचलित योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम अनिवार्य रूपमा सामाजिक सुरक्षा कोषमा सूचीकृत गराउनु पर्नेछ।

(२) रोजगारदाताले प्रत्येक श्रमिकको आधारभूत पारिश्रमिकबाट प्रचलित कानुनले तोकेको प्रतिशत (हाल ११ प्रतिशत) रकम कट्टा गरी, सो रकममा रोजगारदाताको तर्फबाट तोकिएको प्रतिशत (हाल २० प्रतिशत) रकम थप गरी कुल एकमुष्ट रकम हरेक महिना समाप्त भएको पन्ध्र दिनभित्र सम्बन्धित श्रमिकको सामाजिक सुरक्षा कोषको खातामा जम्मा गरिदिनु पर्नेछ।

(३) रोजगारदाताले आफ्नो तर्फबाट कोषमा जम्मा गर्नुपर्ने योगदान रकम कुनै पनि बहानामा श्रमिकको पारिश्रमिकबाट कट्टा गर्न, श्रमिकलाई नै व्यहोर्न लगाउन वा श्रमिकको ज्याला घटाएर मिलान गर्न पूर्ण रूपमा निषेध गरिएको छ।

(४) चिया टिपाइको मुख्य सिजनमा मात्र काम गर्ने मौसमी वा आंशिक समय काम गर्ने श्रमिकहरूको हकमा सामाजिक सुरक्षा कोषले तोकेको अनौपचारिक क्षेत्रका श्रमिक सम्बन्धी विशेष कार्यविधि अनुरूप कोषमा आबद्ध गराउन रोजगारदाता र नगरपालिकाले संयुक्त रूपमा आवश्यक सहजीकरण गर्नेछन्।

(५) कुनै पनि चिया उद्योग वा प्रतिष्ठानले नयाँ श्रमिकलाई काममा लगाएको मितिले तोकिएको समयभित्र कोषमा सूचीकरण गराई सोको अद्यावधिक अभिलेख आफ्नो कार्यालयमा सुरक्षित राख्नु पर्नेछ र नगर वा वडा स्तरीय अनुगमन समितिले माग गरेको बखत उपलब्ध गराउनु पर्नेछ।

(६) यस दफा बमोजिम सामाजिक सुरक्षा कोषमा सूचीकृत नहुने वा नियमित रूपमा योगदान रकम जम्मा नगर्ने चिया उद्योग, बगान वा प्रतिष्ठानलाई नगरपालिकाबाट प्रदान गरिने व्यवसाय दर्ता नवीकरण, कर चुक्ता प्रमाणपत्र, सिफारिस, अनुदान, तथा अन्य कुनै पनि प्रकारका सरकारी सेवा-सुविधाहरू तत्काल रोक्का गरिनेछ।

१८. **कार्यस्थलमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य (OSH) को प्रबन्धः** (१) सूर्योदय नगरपालिका भित्रका चिया बगानमा पात टिप्ने, गोडमेल गर्ने, मल वा जैविक विषादी छर्ने तथा चिया प्रशोधन उद्योग (फ्याक्ट्री) मा मेसिन चलाउने सम्पूर्ण श्रमिकहरूको व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सुनिश्चित गर्ने प्रमुख दायित्व सम्बन्धित रोजगारदाता वा उद्योग व्यवस्थापनको हुनेछ।

(२) **व्यक्तिगत सुरक्षा उपकरण (PPE):** रोजगारदाताले श्रमिकहरूलाई उनीहरूको कार्य प्रकृति र जोखिमको स्तर हेरी आवश्यक पर्ने व्यक्तिगत सुरक्षा उपकरणहरू जस्तैः पन्जा, गमबुट (रबरका जुत्ता), मास्क, एप्रोन, चस्मा, कान थुन्ने ठेडी र मौसमबाट बच्न सुरक्षित टोपी वा छाता अनिवार्य तथा निःशुल्क रूपमा उपलब्ध गराउनु पर्नेछ। सुरक्षा उपकरण बिना श्रमिकलाई जोखिमपूर्ण काममा लगाउन पूर्ण रूपमा निषेध गरिएको छ।

(३) **प्राथमिक उपचार (First Aid):** प्रत्येक चिया प्रशोधन उद्योग, संकलन केन्द्र र व्यावसायिक चिया बगानहरूले कार्यस्थलमा काम गर्दा कुनै दुर्घटना भएमा वा स्वास्थ्य समस्या आइपरेमा तत्काल उपचार

गर्नका लागि आवश्यक जीवनदायी औषधि र उपकरणसहितको प्राथमिक उपचार बक्स सजिलै पुग्न सकिने स्थानमा अनिवार्य रूपमा राख्नु पर्नेछ।

(४) **कार्यस्थल दुर्घटना तथा औषधोपचार बिमा:** दफा १७ बमोजिम सामाजिक सुरक्षा कोषमा पूर्ण रूपमा आबद्ध भई नसकेका वा कोषको सुविधा प्राप्त गर्न नसक्ने प्रकृतिका (जस्तै: छोटो अवधिका मौसमी वा ज्यालादारी) श्रमिकहरूको हकमा सम्बन्धित उद्योगले काममा लगाउनु पूर्व नै अनिवार्य रूपमा कार्यस्थल दुर्घटना तथा औषधोपचार बिमा गराउनु पर्नेछ।

(५) **सुरक्षित कार्य वातावरण:** कारखानाभित्र ठूला मेसिनरी औजारहरूको सुरक्षित सञ्चालन, आगलागी नियन्त्रणका उपकरण, पर्याप्त प्रकाश, उचित हावा आवतजावत र आपतकालिन निकासको स्पष्ट र बाधारहित व्यवस्था मिलाउनु पर्नेछ। बढी आवाज र तापक्रम हुने स्थानमा काम गर्ने श्रमिकलाई आलोपालो प्रणालीमा काम लगाउनु पर्नेछ।

(६) **तालिम तथा सचेतना:** चिया प्रशोधनका मेसिन सञ्चालन गर्ने, गह्रुँगो भारी बोक्ने र प्राविधिक कार्यमा संलग्न श्रमिकहरूलाई मेसिनको सुरक्षित प्रयोग र सम्भावित दुर्घटनाबाट बच्ने उपायहरूबारे रोजगारदाताले वर्षको कम्तीमा एक पटक आधारभूत सुरक्षा तालिम प्रदान गर्नु पर्नेछ।

(७) उपदफा (१) देखि (५) सम्मका सुरक्षा प्रबन्ध नमिलाई श्रमिकलाई काममा लगाउने, कार्यस्थलमा दुर्घटना हुँदा तत्काल उद्धार तथा उपचारको व्यवस्था नगर्ने वा बिमा नगराउने उद्योग, संकलक वा बगान धनीलाई नगर वा वडा स्तरीय समितिको सिफारिसमा कानुन बमोजिम कारबाही गरी पीडित श्रमिकलाई रोजगारदाताबाटै सम्पूर्ण उपचार खर्च र उचित क्षतिपूर्ति भराइनेछ।

**१९. महिला श्रमिकहरूको लागि विशेष सुरक्षा, सुविधा र समान ज्यालाको प्रत्याभूति**ः (१) चिया बगानमा पात टिप्ने, गोडमेल गर्ने, संकलन केन्द्रमा काम गर्ने वा प्रशोधन उद्योग (फ्याक्ट्री) भित्र समान प्रकृतिको वा समान मूल्यको काम गर्ने महिला र पुरुष श्रमिकबीच पारिश्रमिक वा ज्याला दरमा कुनै पनि प्रकारको लैङ्गिक भेदभाव गर्न पाइने छैन। समान कामका लागि समान ज्यालाको कानुनी सिद्धान्तलाई सम्पूर्ण रोजगारदाताले अनिवार्य रूपमा लागू गर्नु पर्नेछ।

(२) **मातृत्व संरक्षण र सुत्केरी बिदा:** गर्भवती महिला श्रमिकलाई भारी बोक्ने, मेसिनमा काम गर्ने, विषादी छरिएको बगानमा पठाउने वा आमा र गर्भको शिशुको स्वास्थ्यमा प्रतिकूल असर पर्ने कुनै पनि कठिन तथा जोखिमपूर्ण काममा लगाउन पूर्ण रूपमा निषेध गरिएको छ। सुत्केरी हुने महिला श्रमिकलाई प्रचलित श्रम कानुन बमोजिमको ज्याला सहितको सुत्केरी बिदा र अन्य सुविधाहरू अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ।

(३) **शिशु स्याहार तथा स्तनपान कक्ष:** चिया प्रशोधन उद्योग वा बगानमा काम गर्ने स्तनपान गराउने आमाहरूका लागि कार्य समयको बीचमा बच्चालाई स्तनपान गराउन आवश्यक विश्रामको व्यवस्था मिलाउनु पर्नेछ। श्रम ऐनले तोकेको संख्याभन्दा बढी महिला श्रमिक कार्यरत रहेको उद्योग वा बगानले कार्यस्थल नजिकै बालबालिकाको सुरक्षाका लागि उपयुक्त शिशु स्याहार कक्षको प्रबन्ध गर्नु पर्नेछ।

(४) **यौनजन्य दुर्व्यवहार विरुद्ध शून्य सहनशीलता:** कार्यस्थल (बगान, संकलन केन्द्र र फ्याक्ट्री) मा महिला श्रमिकमाथि हुने कुनै पनि प्रकारको शारीरिक, मानसिक, मौखिक वा यौनजन्य दुर्व्यवहार लाई शून्य सहनशीलताको नीति अन्तर्गत कडा रूपमा निषेध गरिएको छ। यस्ता घटनाको गोप्य उजुरी सुन्न र तत्काल छानबिन गरी कारबाही अगाडि बढाउन प्रत्येक ठूला उद्योगले आन्तरिक गुनासो सुनुवाइ समिति गठन गर्नु पर्नेछ।

(५) **रात्रिकालीन सुरक्षा प्रबन्ध:** सामान्यतया महिला श्रमिकलाई बिहान सूर्योदयदेखि साँझ सूर्यास्तसम्मको समयमा मात्र काममा लगाउनु पर्नेछ। चियाको अत्याधिक चापको कारण रात्रिकालीन सिफ्टमा काममा लगाउनुपर्ने अवस्था आएमा, उद्योग व्यवस्थापनले महिला श्रमिकको मन्जुरीमा कार्यस्थलभित्र विशेष सुरक्षा प्रबन्ध र घरसम्म सुरक्षित आवतजावतको लागि यातायातको व्यवस्था अनिवार्य रूपमा मिलाएको हुनु पर्नेछ।

(६) **सरसफाइ र शौचालय:** महिला श्रमिकहरूको स्वास्थ्य, गोपनीयता र सरसफाइलाई ध्यानमा राखी चिया उद्योग तथा बगान परिसरमा पर्याप्त पानी, साबुन र स्यानिटरी प्याड विसर्जन गर्ने सुविधाहितको छुट्टै र सुरक्षित महिला शौचालयको प्रबन्ध मिलाउनु पर्नेछ।

(७) यस दफामा उल्लेखित महिला श्रमिकका विशेष अधिकार र सुविधाहरू हनन गर्ने रोजगारदाता, बगान धनी, संकलक वा फ्याक्ट्री व्यवस्थापकलाई नगर वा वडा स्तरीय समितिको सिफारिसमा इजाजत खारेजीदेखि प्रचलित कानुन बमोजिम हदैसम्मको दण्ड सजायको कारबाही अगाडि बढाइनेछ।

## परिच्छेद-६

## अनुगमन, नियमन तथा समितिहरू

**२०. अनुगमन, मूल्याङ्कन तथा विवाद समाधान कार्यविधिः** (१) अनुगमन, मूल्याङ्कन तथा नियमन समितिले समय समयमा प्रशोधन उद्योग तथा चिया बगानको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) **विवाद समाधानको तह र समय सीमा:** यस कार्यविधि कार्यान्वयनका क्रममा कृषक, संकलक, श्रमिक र उद्योगीबीच कुनै पनि प्रकारको विवाद उत्पन्न भएमा देहायको समय सीमाभित्र समाधान गरिसक्नु पर्नेछ:

(क) **तत्काल समाधान गरिने विवाद:** चियाको गुणस्तर, तौल वा दररेट सम्बन्धी विवाद उत्पन्न भएमा सम्बन्धित वडा स्तरीय अनुगमन समितिले उजुरी प्राप्त भएको २४ घण्टाभित्र स्थलगत निरीक्षण गरी निर्णय दिनु पर्नेछ।

(ख) **प्रशासनिक तथा वित्तीय विवाद:** चिया खरिद-बिक्री सम्झौता पालना नभएको वा भुक्तानीमा ढिलाइ भएको सम्बन्धी विवाद उजुरी परेको ७ दिनभित्र वडा वा नगर स्तरीय समितिले समाधान गर्नु पर्नेछ।

(ग) **नीतिगत तथा गम्भीर विवाद:** न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा कोषमा आबद्धता, विषादी अवशेष वा वातावरणीय मापदण्ड उल्लङ्घन सम्बन्धी उजुरीहरूमा आवश्यक छानबिन र ल्याब परीक्षण समेत गर्नुपर्ने भएमा उजुरी परेको १५ दिनभित्र नगर स्तरीय समितिले अन्तिम निर्णय दिनु पर्नेछ।

(३) **पुनरावेदन:** वडा स्तरीय अनुगमन समितिले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय पाएको मितिले ७ दिनभित्र नगर स्तरीय चिया विकास तथा अनुगमन समितिमा पुनरावेदन दिन सक्नेछ। नगर स्तरीय समितिले त्यस्तो पुनरावेदन प्राप्त भएको १५ दिनभित्र अन्तिम निर्णय दिनु पर्नेछ।

(४) **निर्णयको बाध्यकारिता:** समितिले यस दफा बमोजिम गरेको निर्णय वा दिएको निर्देशन सम्बन्धित सबै पक्षले अनिवार्य रूपमा पालना गर्नु पर्नेछ। निर्देशन पालना नगर्ने पक्षलाई दफा २४ बमोजिमको दण्ड र जरिबानाको प्रक्रिया तत्काल अगाडि बढाइनेछ।

(५) **उजुरीको गोपनीयता:** उजुरीकर्ताको सुरक्षा र व्यावसायिक गोपनीयतालाई मध्यनजर गर्दै समितिले उजुरीको प्रकृति हेरी उजुरीकर्ताको नाम र पहिचान गोप्य राख्न सक्नेछ।

**२१. नगर स्तरीय चिया विकास तथा अनुगमन समिति गठनः** (१) यस कार्यविधि बमोजिम चियाको गुणस्तर कायम गर्न, न्यूनतम खरिद दर तथा सम्झौता दर कार्यान्वयन गराउन, असल कृषि तथा प्रशोधन अभ्यासको नियमन गर्न र चिया क्षेत्रमा कार्यरत श्रमिकहरूको हकहित सुनिश्चित गर्न सूर्योदय नगरपालिकामा एक अधिकार सम्पन्न 'नगर स्तरीय चिया विकास तथा अनुगमन समिति' गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिको संरचना देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| (क) नगर प्रमुख | -संयोजक |
| (ख) नगर उप-प्रमुख | -सदस्य |
| (ग) चिया उत्पादन बढी हुने वडाका वडा अध्यक्षहरू मध्येबाट नगर कार्यपालिकाले तोकेको एक जना | -सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत | -सदस्य |
| (ङ) चिया कृषक वा चिया उत्पादक सहकारीका प्रतिनिधिहरू मध्येबाट कम्तीमा एक महिलासहित | -२ जना सदस्य |
| (च) चिया प्रशोधन उद्योगी (ठूला र साना उद्योग दुवैको प्रतिनिधित्व हुने गरी) | -२ जना सदस्य |
| (छ) चिया क्षेत्रमा क्रियाशिल आधिकारिक ट्रेड युनियन वा श्रमिकहरूको प्रतिनिधि | -१ जना सदस्य |
| (ज) उद्योग वाणिज्य संघ को प्रतिनिधि | -१ जना सदस्य |
| (झ) चिया विस्तार योजनाका योजना प्रमुख वा नगरपालिकाको कृषि/आर्थिक विकास शाखा प्रमुख | -सदस्य सचिव |

(३) कृषक, उद्योगी र श्रमिक प्रतिनिधिको मनोनयन गर्दा सम्बन्धित संघ/संस्था वा सञ्जालको सिफारिसमा नगर कार्यपालिकाले गर्नेछ। यस्ता मनोनीत सदस्यहरूको पदावधि सामान्यतया दुई वर्षको हुनेछ।

(४) समितिले अनुगमन वा मूल्य निर्धारणका क्रममा आवश्यकता अनुसार चिया विशेषज्ञ, खाद्य प्राविधिक, श्रम कार्यालयका प्रतिनिधि वा सरोकारवाला निकायका व्यक्तिलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रूपमा बोलाउन सक्नेछ।

(५) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले आवश्यकता अनुसार बोलाउनेछ। तर, चियाको मुख्य सिजन सुरु हुनुअघि, न्यूनतम खरिद दर निर्धारणको समयमा र श्रमिकको ज्याला पुनरावलोकन गर्ने समयमा अनिवार्य रूपमा बैठक बस्नु पर्नेछ।

(६) समितिका पदाधिकारी तथा आमन्त्रित सदस्यहरूले बैठकमा सहभागी भएबापत वा स्थलगत अनुगमनमा खटिँदा नगर कार्यपालिकाले तोकेको मापदण्ड र प्रचलित कानुन बमोजिमको बैठक भत्ता तथा भ्रमण भत्ता उपलब्ध गराउन सक्नेछ।

२२. **वडा स्तरीय अनुगमन समितिको गठनः** (१) नगरपालिकाको व्यावसायिक चिया खेती, संकलन र प्रशोधन हुने वडाहरूभित्र यस कार्यविधिका मापदण्डहरूको प्रभावकारी कार्यान्वयन गराउन, चियाको गुणस्तर अनुगमन गर्न, खरिद-बिक्री सम्झौताको पालना गराउन र श्रमिकहरूको अवस्था प्रत्यक्ष रूपमा निरीक्षण गर्न प्रत्येक सम्बन्धित वडामा एक 'वडा स्तरीय अनुगमन समिति' गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने वडा स्तरीय अनुगमन समितिको संरचना देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| (क) सम्बन्धित वडाका वडा अध्यक्ष | -संयोजक |
| (ख) वडा समितिले तोकेको वडा सदस्य (महिला वा दलितलाई प्राथमिकता दिने गरी) | -१ जना सदस्य |
| (ग) वडाभित्रका चिया कृषक, कृषक समूह वा चिया सहकारीका प्रतिनिधिहरू मध्येबाट (कम्तीमा एक महिलासहित) | -२ जना सदस्य |
| (घ) वडाभित्र सञ्चालित चिया प्रशोधन उद्योग (फ्याक्ट्री वा मिनी फ्याक्ट्री) का प्रतिनिधि | -१ जना सदस्य |
| (ङ) वडाभित्र दर्ता भई सञ्चालनमा रहेका चिया संकलन केन्द्रका प्रतिनिधि | -१ जना सदस्य |
| (च) वडा सचिव वा वडा कार्यालयमा कार्यरत कृषि प्राविधिक | -सदस्य सचिव |

(३) खण्ड (ग), (घ) र (ङ) बमोजिमका सदस्यहरूको छनोट गर्दा सम्बन्धित वडा समितिले सरोकारवालाहरूको भेला गराई वा सम्बन्धित संस्थाको सिफारिसका आधारमा गर्नेछ। यस्ता सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ।

(४) समितिको बैठक चिया उत्पादनको मुख्य सिजनमा कम्तीमा महिनाको एक पटक र अन्य समयमा आवश्यकता अनुसार संयोजकको निर्देशनमा संयोजकले बोलाउनेछ।

(५) वडा स्तरीय अनुगमन समितिले आफ्नो वडाभित्र गरेको स्थलगत अनुगमनको प्रतिवेदन, देखिएका समस्याहरू, मेलमिलाप गरिएका विवादहरू र कारबाहीका लागि गरिएका सिफारिसहरूको अद्यावधिक विवरण नियमित रूपमा नगर स्तरीय 'चिया विकास तथा अनुगमन समिति' समक्ष पेस गर्नु पर्नेछ।

(६) समितिका पदाधिकारिहरूले अनुगमन वा बैठकमा सहभागी भएबापत वडा कार्यालयको बजेट वा नगर कार्यपालिकाले तोकेको मापदण्ड बमोजिमको सुविधा उपलब्ध गराउन सक्नेछन्।

**२३. समितिहरूको काम, कर्तव्य र अधिकारः** (१) नगर स्तरीय चिया विकास तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) **मापदण्ड कार्यान्वयन र समन्वयः** यस कार्यविधिमा उल्लेखित चिया उत्पादन, प्रशोधन, संकलन र श्रमिक हकहित सम्बन्धी मापदण्डहरूको समग्र सूर्योदय नगर क्षेत्रमा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने र सरोकारवाला निकायहरूसँग समन्वय गर्ने।

(ख) **मूल्य निर्धारण र सम्झौता अनुगमनः** चियाको न्यूनतम खरिद दर निर्धारणका लागि सरोकारवालाहरू सँग छलफल गरी नगर कार्यपालिकालाई सिफारिस गर्ने। फ्याक्ट्री र किसानबीच भएको 'खरिद-बिक्री सम्झौता' (Contract Agreement) र प्रिमियम मूल्यको पालना भए/नभएको अनुगमन गर्ने।

(ग) **श्रमिक हकहित र सुरक्षा अनुगमनः** चिया प्रशोधन उद्योग, दर्तावाला संकलन केन्द्र र चिया बगानहरूमा कार्यरत श्रमिकहरूले तोकिएको न्यूनतम पारिश्रमिक प्राप्त गरेको, सामाजिक सुरक्षा कोष (SSF) मा आबद्ध भएको, र कार्यस्थलमा व्यवसायजन्य सुरक्षा (OSH) मापदण्ड पूरा भएको विषयमा नियमित तथा छड्के अनुगमन गर्ने।

(घ) **बिचौलिया नियन्त्रण र कारबाही सिफारिसः** चियाको कारोबारमा अनधिकृत बिचौलियाको संलग्नता रोक्ने। वडा स्तरीय समितिबाट कारबाहीका लागि सिफारिस भई आएका वा मापदण्ड उल्लङ्घन गरेका उद्योग, संकलन केन्द्र वा व्यक्तिलाई अनुदान रोक्का गर्ने, इजाजत खारेज गर्ने वा प्रचलित कानुन बमोजिम हदैसम्मको दण्ड जरिबाना गर्न नगर कार्यपालिका समक्ष सिफारिस गर्ने।

(ङ) **अर्गानिक प्रवर्द्धन र नीतिगत सल्लाहः** सूर्योदय नगरपालिकालाई पूर्ण प्राङ्गारिक चिया क्षेत्र बनाउन, चिया परीक्षण केन्द्रको प्रभावकारी सञ्चालन गर्न र अन्तर्राष्ट्रिय ब्रान्डिङका लागि आवश्यक नीतिगत सल्लाह तथा सुझाव प्रदान गर्ने।

(२) वडा स्तरीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) **स्थलगत निरीक्षण र गुणस्तर जाँचः** आफ्नो वडाभित्रका चिया बगान, संकलन केन्द्र र प्रशोधन उद्योगहरूको नियमित स्थलगत निरीक्षण गरी हरियो पत्तीको नरमपना, डिजिटल तराजुको तौल, सरसफाइ र खाद्य स्वच्छताको प्रत्यक्ष अनुगमन गर्ने।

(ख) **सम्झौता र भुक्तानीको निगरानीः** वडाभित्रका संकलक वा प्रशोधन उद्योग (फ्याक्ट्री)ले कृषकलाई सम्झौता बमोजिमको मूल्य र बोनस बापत हुन आउने रकम समयमै बैंकिङ प्रणालीबाट भुक्तानी दिए/नदिएको यकिन गर्ने। कृषकलाई प्यान नम्बरसहितको बिल दिएको सुनिश्चित गर्ने।

(ग) **विवाद समाधान र मेलमिलापः** कृषक र उद्योग वा संकलकबीच मूल्य, तौल वा गुणस्तर (ग्रेडिङ) का विषयमा कुनै विवाद उत्पन्न भएमा, वा श्रमिक र रोजगारदाताबीच समस्या देखिएमा पहिलो चरणमा दुवै पक्षलाई राखी मेलमिलाप गराउने।

(घ) **श्रमिक अवस्थाको स्थलगत अनुगमनः** वडाभित्रका फ्याक्ट्री र बगानमा बाल श्रम प्रयोग भए/नभएको, महिला श्रमिकलाई समान ज्याला तथा विशेष सुरक्षा सुविधा दिए/नदिएको र प्राथमिक उपचारको व्यवस्था भए/नभएको प्रत्यक्ष अनुगमन गरी विवरण राख्ने।

(ङ) **सचेत गराउने र सिफारिस गर्नेः** दर्ता नभई सञ्चालन भएका संकलन केन्द्र बन्द गराउने। कार्यविधि उल्लङ्घन गर्ने वडाभित्रका जोकोहीलाई प्रारम्भिक सचेत गराउने र अटेर गरेमा थप कडा कारबाहीका लागि प्रमाणसहित नगर स्तरीय समितिमा सिफारिस पठाउने।

(३) उपदफा (१) र (२) बमोजिमका समितिहरूले आफ्नो कार्यसम्पादन र अनुगमन गर्दा आवश्यकता अनुसार सरोकारवाला निकाय, नेपाल प्रहरी, विषय विशेषज्ञ वा खाद्य प्राविधिकहरूको सहयोग लिन सक्नेछन्।

## परिच्छेद-७
## विविध

**२४. दण्ड, जरिबाना तथा कारबाहीः** (१) यस कार्यविधिको बर्खिलाप हुने गरी कुनै पनि व्यक्ति, कृषक, बिचौलिया, संकलक वा चिया प्रशोधन उद्योग (फ्याक्ट्री) ले देहाय बमोजिमको कुनै कार्य गरेमा निजलाई नगर कार्यपालिका वा वडा कार्यालयले कानुन बमोजिमको दण्ड, जरिबाना तथा कारबाही गर्नेछः

(क) **अनधिकृत बिचौलिया तथा संकलकलाई कारबाही:** नगरपालिका वा वडा कार्यालयमा दर्ता नभई वा अनुमति नलिई चिया संकलन गर्ने, तहगत खरिद-बिक्री गरी कृषकलाई ठग्ने वा बिचौलियाको रूपमा काम गरेको पाइएमा त्यस्तो व्यक्ति वा संस्थाको सम्पूर्ण चियापत्ती जफत गरी, दर्ता खारेज गर्ने र नगरपालिकाको आर्थिक ऐन तथा प्रचलित कानुन बमोजिम जरिबाना तिराइनेछ।

(ख) **गुणस्तर बिगार्ने र मिसावट गर्नेलाई कारबाही:** चिया बगानमा प्रतिबन्धित रासायनिक विषादी प्रयोग गर्ने, सडेगलेको वा मापदण्ड विपरीतको (बाँझी/छिप्पिएको) पत्ती मिसावट गर्ने, तथा तयारी चियामा कृत्रिम रङ वा अखाद्य वस्तु मिसाउने कृषक, संकलक वा उद्योगको उक्त उत्पादन तत्काल नष्ट गरिनेछ। त्यस्तो कार्य गर्नेलाई नगरपालिकाबाट दिइने सम्पूर्ण अनुदान र सेवा-सुविधाबाट वञ्चित गरी उपभोक्ता संरक्षण ऐन र खाद्य ऐन बमोजिम हदैसम्मको कानुनी कारबाही अगाडि बढाइनेछ।

(ग) **सम्झौता तोड्ने र न्यूनतम खरिद मूल्य नदिनेलाई कारबाही:** कृषकसँग गरेको खरिद-बिक्री सम्झौता (Contract) तोड्ने, नगरपालिकाले तोकेको न्यूनतम खरिद दर वा सम्झौता दरभन्दा कम मूल्यमा पत्ती खरिद गर्ने, तौलमा ठगी गर्ने वा समयमै बैंकिङ प्रणालीमार्फत भुक्तानी नदिने फ्याक्ट्री वा संकलकलाई अनुगमन समितिको सिफारिसमा कालोसूचीमा राखी व्यवसाय नवीकरण तथा कर चुक्ता सिफारिस रोक्का गरिनेछ। साथै, कृषकलाई पुगेको आर्थिक नोक्सानी क्षतिपूर्तिसहित भराइनेछ।

(घ) **न्यूनतम ज्याला नदिने र श्रम शोषण गर्नेलाई कारबाही:** आफ्नो फ्याक्ट्री वा बगानमा कार्यरत श्रमिकलाई तोकिएको न्यूनतम पारिश्रमिक नदिने, महिला र पुरुषबीच ज्यालामा भेदभाव गर्ने, बाल श्रम प्रयोग गर्ने वा सामाजिक सुरक्षा कोषमा आबद्ध नगराउने रोजगारदातालाई नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा,

सिफारिस र सुविधा तत्काल रोक्का गरिनेछ। यस्तो श्रम शोषणको घटना प्रमाणित भएमा हर्जानासहित श्रमिकको पारिश्रमिक भराई थप कारबाहीका लागि सम्बन्धित काम हेर्ने निकायमा लेखी पठाइनेछ।

(ङ) **असल अभ्यास (GAP/GMP) पालना नगर्नेलाई कारबाही:** असल कृषि अभ्यास र असल प्रशोधन अभ्यास पालना नगर्ने, कारखानाको सरसफाइमा लापरबाही गर्ने र श्रमिकको व्यवसायजन्य सुरक्षामा ध्यान नदिने उद्योग वा बगानलाई पहिलो पटक लिखित चेतावनी दिइनेछ। अटेर गरेमा फ्याक्ट्रीमा सिलबन्दी गर्ने वा सञ्चालन अनुमति रद्द गर्ने सम्मको कारबाही गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कारबाही गर्नु पूर्व सम्बन्धित आरोपित व्यक्ति, संस्था वा उद्योगलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका अनिवार्य रूपमा दिनु पर्नेछ।

(३) यस कार्यविधि विपरीतका कार्यहरू भएको देखेमा वा जानकारी पाएमा जोकोही व्यक्ति वा संस्थाले प्रमाणसहित नगर वा वडा स्तरीय अनुगमन समितिमा गोप्य रूपमा उजुरी दिन सक्नेछ। उजुरी कर्ताको नाम र पहिचान गोप्य राखिनेछ।

**२५. नगरपालिकाबाट दिइने अनुदान तथा सहुलियत:** (१) सूर्योदय नगरपालिकाले कृषि तथा चिया क्षेत्रको विकासका लागि वार्षिक रूपमा विनियोजन गर्ने बजेट, अनुदान, मेसिनरी औजार, बीउ बिजन र प्राविधिक सहयोग वितरण गर्दा यस कार्यविधिमा उल्लेखित असल कृषि अभ्यास, असल प्रशोधन अभ्यास र खरिद-बिक्री सम्झौताको पूर्ण रूपमा पालना गर्ने चिया कृषक, सहकारी, संकलक र प्रशोधन उद्योगलाई उच्च प्राथमिकता दिनेछ।

(२) **अर्गानिक उत्पादनलाई विशेष प्रोत्साहन:** रासायनिक मल र विषादीको प्रयोगलाई पूर्ण रूपमा विस्थापित गरी पूर्ण प्राङ्गारिक चिया उत्पादन गर्ने, आन्तरिक नियन्त्रण प्रणालीमा आबद्ध हुने तथा प्राङ्गारिक प्रमाणीकरण प्राप्त गर्ने कृषक, बगान धनी वा समूहलाई नगरपालिकाले प्राङ्गारिक मल, जैविक विषादी, कृषि उपकरण र प्रमाणीकरण शुल्कमा अनुदान उपलब्ध गराउन सक्नेछ।

(३) **श्रमिक मैत्री उद्योगलाई सहुलियत:** आफ्ना सम्पूर्ण श्रमिक तथा कर्मचारीहरूलाई तोकिएको न्यूनतम पारिश्रमिक बैंकिङ प्रणालीमार्फत नियमित भुक्तानी गर्ने, सामाजिक सुरक्षा कोषमा पूर्ण रूपमा आबद्ध गराउने र कार्यस्थलमा व्यवसायजन्य सुरक्षाको उत्कृष्ट प्रबन्ध मिलाउने चिया प्रशोधन उद्योग (फ्याक्ट्री) लाई नगरपालिकाले देहायका सहुलियतहरू प्रदान गर्नेछः

(क) चिया परीक्षण केन्द्रमा गरिने ल्याब परीक्षण शुल्कमा निश्चित प्रतिशत छुट।

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका चिया प्रदर्शनी, व्यापार मेला र अक्सन बजारमा सहभागिताका लागि आर्थिक तथा प्रवर्द्धनात्मक सहयोग।

(ग) नगरपालिकाको गुणस्तर लोगो प्रयोग गर्न र प्याकेजिङ सामग्री निर्माणमा प्राविधिक सहयोग।

(४) **बिचौलिया रहित कारोबारलाई प्राथमिकता:** बिचौलियाको प्रयोग नगरी सिधै प्रशोधन उद्योग (फ्याक्ट्री)सँग खरिद-बिक्री सम्झौता गरी कारोबार गर्ने कृषक तथा कृषक समूहलाई कृषि औजार, चिया टिप्ने मेसिन वा

ढुवानीका साधन खरिदमा नगरपालिका वा वडा कार्यालयबाट सञ्चालन हुने कार्यक्रममार्फत प्राथमिकता दिइनेछ।

(५) **अनुदान असुलउपर गरिने:** उपदफा (१) देखि (४) सम्म जुनसुकै कुरा लेखिएको भए तापनि, यस कार्यविधि विपरीत कार्य गरी दफा २४ बमोजिम कारबाही वा जरिबानामा परेका, कालोसूचीमा सूचीकृत भएका वा श्रमिकलाई न्यूनतम ज्याला नदिने कुनै पनि व्यक्ति, फर्म वा उद्योगलाई नगरपालिकाले प्रदान गर्ने कुनै पनि प्रकारको अनुदान, सहुलियत वा सिफारिस उपलब्ध गराइने छैन। यदि कसैले झुटो विवरण पेस गरी अनुदान प्राप्त गरेको वा अनुदान पाइसकेपछि मापदण्ड उल्लङ्घन गरेको प्रमाणित भएमा, नगरपालिकाले त्यस्तो अनुदान बापतको रकम वा सामग्री 'सरकारी बाँकी सरह' असुलउपर गर्नेछ।

**२६. डिजिटल किसान प्रोफाइल, दर्ता तथा परिचयपत्र सम्बन्धी व्यवस्था**ः (१) सूर्योदय नगरपालिका क्षेत्रभित्र व्यावसायिक चिया खेती गर्ने प्रत्येक कृषक, कृषक समूह, व्यावसायिक बगान वा सहकारीले नगरपालिकाको डिजिटल चिया प्रणालीमा अनिवार्य रूपमा आफ्नो विवरण दर्ता गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता गर्दा नगरपालिकाले प्रत्येक किसानको डिजिटल किसान प्रोफाइल तयार गर्नेछ, जसमा देहायका विवरणहरू समावेश गरिनेछन्ः

(क) चिया खेती गरिएको जग्गाको कित्ता नम्बर र कुल क्षेत्रफल।

(ख)चियाको जात र चियाको बोट संख्या।

(ग) बगानको भौगोलिक अवस्थिति

(घ) प्रयोग गरिने मल तथा जैविक विषादीको विवरण।

(ङ) पछिल्लो तीन वर्षको औसत उत्पादन परिमाण।

(३) दर्ता प्रक्रिया पूरा भएका प्रत्येक कृषकलाई नगरपालिकाले चिया कृषक परिचयपत्र उपलब्ध गराउनेछ। उक्त परिचयपत्रमा एउटा विशिष्ट क्युआर कोड रहनेछ, जसलाई स्क्यान गर्दा सो किसानको डिजिटल प्रोफाइल र चियाको गुणस्तर सम्बन्धी विवरणहरू तत्काल प्राप्त गर्न सकिनेछ।

(४) चिया संकलन केन्द्र वा प्रशोधन उद्योगले हरियो पत्ती खरिद गर्दा सो परिचयपत्रका आधारमा मात्र कारोबार गर्नु पर्नेछ। परिचयपत्र बिना गरिएको कारोबारलाई यस कार्यविधि बमोजिम अवैध मानिनेछ र त्यस्तो हरियो चियाको पत्तीबाट उत्पादित चियालाई सूर्योदय ब्रान्ड को लोगो प्रयोग गर्न दिइने छैन।

(५) नगरपालिकाले प्रदान गर्ने कुनै पनि प्रकारको अनुदान, कृषि उपकरण, सहुलियत पूर्ण ऋणको सिफारिस वा प्राविधिक सहयोग प्राप्त गर्न यो परिचयपत्र अनिवार्य हुनु पर्नेछ।

(६) चिया कृषकले आफ्नो बगानको क्षेत्रफलमा परिवर्तन आएमा वा नयाँ जातको चिया लगाएमा सोको जानकारी वडा कार्यालयमार्फत दिई आफ्नो डिजिटल प्रोफाइललाई प्रत्येक वर्ष अद्यावधिक गराउनु पर्नेछ।

**२७. चिया हेर्ने शाखा सम्बन्धी व्यवस्था:** (१) यस कार्यविधिको कार्यान्वयन, अनुगमन तथा नियमनलाई प्रभावकारी बनाउन नगरपालिकाले नगर कार्यपालिकामा चिया शाखा को व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको शाखा नगर सभाले संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएपश्चात् कार्यान्वयनमा आउनेछ।

**२८. बाधा अड्काउ फुकाउने र व्याख्या गर्ने अधिकारः** (१) यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै व्यावहारिक वा कानुनी बाधा अड्काउ, द्विविधा वा अस्पष्टता उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउने र यस कार्यविधिको आधिकारिक व्याख्या गर्ने अन्तिम अधिकार सूर्योदय नगर कार्यपालिकालाई हुनेछ।

(२) उपदफा (१) बमोजिम बाधा अड्काउ फुकाउन वा व्याख्या गर्नका लागि नगर स्तरीय चिया विकास तथा अनुगमन समितिले सरोकारवालाहरूको रायसहित नगर कार्यपालिका समक्ष सिफारिस पेस गर्न सक्नेछ।

(३) यस दफा बमोजिम बाधा अड्काउ फुकाउँदा वा व्याख्या गर्दा यस कार्यविधिको मूल मर्म, प्रचलित स्थानीय सरकार सञ्चालन ऐन, श्रम ऐन, उपभोक्ता संरक्षण ऐन र सूर्योदय कृषि व्यवसाय प्रवर्द्धन ऐनको प्रतिकूल हुने गरी निर्णय गर्न पाइने छैन।

**२९. खारेजी तथा बचाउः** (१) साविकमा सूर्योदय नगरपालिकाबाट जारी भएका देहायका कार्यविधिहरू यस कार्यविधि लागू भएपश्चात् स्वतः खारेज हुनेछन्

(क) गुणस्तरीय चिया उत्पादन मापदण्ड कार्यान्वयन कार्यविधि, २०७५

(ख) सूर्योदय नगरपालिकाको गुणस्तरीय चिया संकलन मापदण्ड कार्यान्वयन कार्यविधि, २०७७

(२) उपदफा (१) बमोजिम खारेज भएका साविकका कार्यविधिहरू अन्तर्गत भए गरेका सम्पूर्ण काम कारबाही, सम्झौता, गठित समितिहरू र अनुगमनका कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

(३) यस कार्यविधिमा लेखिएका कुनै पनि कुरा नेपालको संविधान, प्रचलित सङ्घीय कानुन वा कोशी प्रदेशको प्रादेशिक कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।